# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, असार २९ गते २०५५ साल (संख्या १३

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र आर्थिक ऐन, २०५४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपाका अध्यक्ष डा. श्री अशोककुमार बास्कोटा मार्फत सो केन्द्रका लागि अमेरिकन हिमालयन फाउण्डेशन क्यालिफोर्नियाद्वारा उपहार स्वरूप प्राप्त हुने चिकित्सा सम्बन्धी उपकरणहरू (Medical Equipments) मा लाग्ने भन्सार महसूल १ प्रतिशत मात्र असूल गरी मूल्य अभिवृद्धि कर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र आर्थिक ऐन, २०५४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय मृगौला उपचार केन्द्रका लागि क्यानाडा स्थित नेशनल फाउण्डेशनले उपहार स्वरूप प्रदान गरेको आठ थान कम्प्युटर र सो साथ प्राप्त अन्य कम्प्युटर सामग्रीमा १ प्रतिशत भन्सार महसूल असूल गरी मूल्य अभिवृद्धि कर पूर्ण रूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन बमोजिम विभिन्न पेशा वा व्यवसायबाट आय आर्जन गरी आय विवरण दाखिला नगर्ने व्यक्ति, फर्म र कम्पनीहरूलाई स्वेच्छाले त्यस्तो आय विवरण घोषणा गर्ने म्याद २०५५ साल असार १५ गतेसम्म थपेको छ। साथै त्यस्तो आय विवरण अनुसारको कर २०५५ साल असार मसान्त सम्ममा दाखिला गरेमा उल्लिखित ऐनको दफा ३७ को उपदफा (३) बमोजिम लाग्ने शुल्क र सोही ऐनको दफा ५९ बमोजिम लाग्ने जरिवाना मिन्हा गर्ने निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारले आर्थिक ऐन, २०५४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्व विद्यालय, शिक्षण अस्पताल महाराजगंजले विभिन्न देशहरूबाट सहयोग स्वरूप प्राप्त गरेको तथा आयात गरेको भा. रू. ३,३१,५८८।५९ मूल्य बराबरका अस्पताल वेड (Hospital Bed) र अन्य सामाग्रीहरू (Medical Equipments) मा लाग्ने भन्सार महसुल १ प्रतिशत असूल गरी मूल्य अभिवृद्धि कर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ५

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा आर्थिक ऐन, २०५४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी हुम्ला जिल्लामा महामारी पीडित जनताको लागि जापान सरकारले सहयोग स्वरूप उपलब्ध गराउने १००० थान कम्बल पैठारी गर्दा लाग्ने भन्सार महसूल र मूल्य अभिबृद्धि कर पूर्णरूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

श्री ५ को सरकारले आर्थिक ऐन, २०५४ को दफा २३ को अधिकार प्रयोग गरी घरेलु शिल्पकला बिक्री भण्डार लि. केन्द्रीय कार्यालयले आफ्नो नाउँमा दर्ता रहेको जिल्ला पर्सा मुडली गा वि.स वडा नं. ८ को कि नं. ४५ र ४६ को क्रमश ज. वि. ०-३-१२ र ०-११-५ तथा रूपन्देही जिल्ला वुटवल न. पा. वडा नं. ३ कि. नं. ३३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ज.वि ०–१०–५ बिगाह जग्गा र सो मा बनेको भवन समेत गरी मूल्य रू. ४,०१,८८,७५०।– (चार करोड एक लाख अठासी हजार सात सय पचास) मा राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयलाई हक हस्तान्तरण गर्दा पारित हुने लिखतमा लाग्ने रजिष्ट्रेशन दस्तूर छूट दिने गरी निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

श्री ५ को सरकारले आर्थिक ऐन, २०५४ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमका माल बस्तुमा मूल्य अभिवृद्धि कर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. श्री ५ को सरकारको सम्बन्धित निकायको सिफारिशमा सरकारी तथा गैर सरकारी संघ संस्थाले पैठारी गरेको दमकल तथा एम्बुलेन्स,
२. श्री ५ को सरकारद्वारा संचालित अस्पतालको लागि दान, दातव्यमा प्राप्त हुने सबै प्रकारका चिकित्सा उपकरण तथा औजारहरू, र
३. हवाई जहाज तथा हेलिकोप्टर (स्पेयर पार्टस बाहेक) ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको सूचना

श्री ५ को सरकारले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको अनुसूची– १ मा देहाय बमोजिम थपघट गरेको छ ।

१. अनुसूची– १ को क्रमसंख्या ६ को सट्टा देहायको क्रमसंख्या ६ राखिएको छ:–
"६ मुलुकी ऐन आगो लगाउनेको महलले सजाय हुने मुद्दा ।"
२. अनुसूची– १ मा देहायका मुद्दाहरू समावेश गरिएका छन्:–
क. विष्फोटक पदार्थ ऐन, २०१८ अन्तर्गतको मुद्दा ।
ख. गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ९क. अन्तर्गतको मुद्दा ।
ग. चन्दा ऐन, २०३० अन्तर्गतको मुद्दा ।
घ. मुलुकी ऐन, कुटपीटको महल अन्तर्गतको अंगभंग सम्बन्धी मुद्दा ।

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव



११३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

कृषि मन्त्रालयका सचिव श्री सूर्यनाथ उपाध्याय घर बिदामा बस्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव श्री मुक्तिनारायण श्रेष्ठलाई मिति २०५५।२।३ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

जनसंख्या तथा वातावरण मन्त्रालयका का.मु. सचिव श्री वरुणप्रसाद श्रेष्ठ सामुदायिक प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी कार्यशाला र द्विपक्षीय वातावरणीय व्यवस्थापन मूल्याङ्कन परियोजना सम्बन्धी छलफलमा भाग लिन संयुक्त राज्य अमेरिकाको वाशिङ्टन डि.सी. र क्यानाडातर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री अनन्तराज पाण्डेयलाई मिति २०५५।१।२५ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

स्वास्थ्य मन्त्रालयका सचिव श्री भोजराज पोखरेल स्वीट्जरल्याण्डको जेनेभामा सम्पन्न हुने विश्व स्वास्थ्य संगठनको ५१ औं साधारण सभामा भाग लिन त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव डा. दुर्गाप्रसाद मानन्धरलाई मिति २०५५।१।२५ देखि कायम मुकायम मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

कानून तथा न्याय मन्त्रालयका सचिव श्री तीर्थमान शाक्य अष्ट्रेलियन सरकारको निमन्त्रणामा अष्ट्रेलियातर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका का. मु. विशेष सचिव श्री उदय नेपाली श्रेष्ठलाई मिति २०५५।२।२ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ५

आवास तथा भौतिक योजना मन्त्रालयका सचिव श्री खगेन्द्र बस्नेत खानेपानी सम्बन्धी अध्ययन अवलोकन गर्न फ्रान्सतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव श्री पोषणनाथ नेपाललाई मिति २०५५।२।७ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ६

महिला तथा समाज कल्याण मन्त्रालयका का. मु. सचिव श्री रामेश्वर शाह मिति २०५५।१।२२ देखि घर बिदामा बस्नु भएको र सोही मन्त्रालयका विशेष सचिव श्रीमती उर्मिला श्रेष्ठ मलेशियाको क्वालालम्पुरमा हुने गरिबी सम्बन्धी आधारभूत तथ्यांक विषयक सम्मेलनमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नु भएको हुँदा विशेष सचिव श्रीमती उर्मिला श्रेष्ठ फर्की हाजिर नभएसम्मका लागि सोही मन्त्रालयका सह-सचिव श्री गणेशप्रसाद भट्टराईलाई मिति २०५५।१।२२ देखि र विशेष सचिव श्रीमती उर्मिला श्रेष्ठ फर्की हाजिर भएपछि का. मु. सचिव श्री रामेश्वर शाह हाजिर नभएसम्मको लागि विशेष सचिव श्रीमती उर्मिला श्रेष्ठलाई सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ७

वाणिज्य मन्त्रालयका सचिव श्री मोहनदेव पन्त जेनेभामा हुने विश्व व्यापार संगठनको मन्त्रीस्तरीय बैठकमा माननीय वाणिज्य मन्त्रीको नेतृत्वमा जाने नेपाली प्रतिनिधि मण्डलमा सम्मिलित भई त्यसतर्फ जानु भएकोले सोही मन्त्रालयका विशेष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सचिव श्री विद्यानाथ नेपाललाई मिति २०५५।२।१ देखि र त्यसपछि केही दिन विशेष सचिव श्री विद्यानाथ नेपाल पनि सचिव श्री मोहनदेव पन्तको नेतृत्वको नेपाली टोलीमा समावेश भई विश्व व्यापार संगठनको अध्ययन भ्रमणमा जानु भएकोले सचिव श्री मोहनदेव पन्त फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री चण्डीप्रसाद श्रेष्ठलाई कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ८

जनसंख्या तथा वातावरण मन्त्रालयका का.मु. सचिव श्री वरूणप्रसाद श्रेष्ठ अमेरिका तथा क्यानाडातर्फ जानु भएको हुँदा सो सचिव पदमा त्यसै मन्त्रालयमा कार्यरत सह-सचिव श्री अनन्तराज पाण्डेलाई कायम मुकायम मुकरर गरिएकोमा उहाँ पनि माननीय मन्त्रीका साथ केन्याको नैरोबीमा हुने UNEP को गभर्निङ काउन्सिल-को विशेष बैठकमा भाग लिन त्यसतर्फ जानु भएकोले जनसंख्या तथा वातावरण मन्त्रालयका का.मु. सचिव श्री वरूणप्रसाद श्रेष्ठ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उहाँहरू दुवैको अनुपस्थितिमा सोही मन्त्रालयका सह-सचिव श्री शिवभक्त शर्मालाई मिति २०५५।२।४ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ९

श्री ५ को सरकारले मिति २०५५।१।२९ को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका रा.प. विशिष्ट श्रेणीका अधिकृत श्री विश्वराज रेग्मी-लाई जलस्रोत मन्त्रालयको सचिव पदमा सरुवा गरेको छ ।

## सूचना १०

श्री ५ को सरकारले मिति २०५५।१।२९ को निर्णयानुसार उद्योग मन्त्रालयका विशेष सचिव श्री इन्द्रकुमार श्रेष्ठलाई संसदीय व्यवस्था मन्त्रालयको सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी कायम मुकायम मुकरर गरेको छ ।

११६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ११

श्री ५ को सरकारले मिति २०५५।२।७ को निर्णयानुसार देहायका अधिकृतहरूलाई देहाय बमोजिम सरुवा गरेको छ।

| क्र.सं. | नाम, थर | साविक पद र मन्त्रालय | सरुवा भएको पद र मन्त्रालय |
|---|---|---|---|
| १. | श्री शम्भुप्रसाद खनाल | विशेष सचिव, अर्थ मन्त्रालय । | विशेष सचिव, उद्योग मन्त्रालय । |
| २. | श्री विमलप्रसाद कोइराला | विशेष सचिव, उद्योग मन्त्रालय । | विशेष सचिव, अर्थ मन्त्रालय । |

## सूचना १२

श्री ५ को सरकारले मिति २०५५।२।२५ को निर्णयानुसार देहायका अधिकृतहरूलाई देहाय बमोजिम सरुवा गरेको छ।

| क्र.सं. | नाम, थर | साविक पद, सचिवालय मन्त्रालय | सरुवा भएको पद, मन्त्रालय, विभाग |
|---|---|---|---|
| १. | श्री शम्भुशरण प्रसाद कायस्थ | सचिव, स्थानीय विकास मन्त्रालय । | मुख्य अधिकृत, विशेष प्रहरी विभाग । |
| २. | श्री केशवराज राजभण्डारी | सचिव, मन्त्रिपरिषद् सचिवालय । | सचिव, स्थानीय विकास मन्त्रालय । |

आज्ञाले,
श्रीराम पौडेल
श्री ५ को सरकारको सचिव

## भूल सुधार

खण्ड ४७ संख्या २५ मिति २०५४।६।१३ मा प्रकाशित आवास तथा भौतिक योजना मन्त्रालयको सूचनाको नियम १४ को दोस्रो हरफमा "अर्थशास्त्र, व्यवस्थापन, चार्टर एकाउन्टेन्सी" हुनु पर्नेमा अन्यथा हुन गएकोले भूल सुधार गरिएको छ।

मुद्रण विभाग।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणीत गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।